# नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाईटी “निप्स” को विधान,

# २०५८

**Constitution of Nepal Insurance Professionals' Society "NIPS",**

**2001**

<u>प्रस्तावना</u>:-

बीमा सम्बन्धि जनचेतना जगाई देश विकासमा सहयोग गर्ने उद्देश्यका साथै बीमा व्यवसायमा बढ्दै गएको जिम्मेवारी एंव लोकप्रियता समेतलाई आत्मसात गरी यस क्षेत्रमा आफ्नो योग्यता अनुरुप लामो समय र अनुभव भएका आफ्नो शीप र क्षमताले यस क्षेत्रलाई पेशागत रुपमा व्यवसायिक सेवा प्रदान गर्दै आएका बीमा कम्पनी (बीमक) हरु तथा बीमा समितिमा कार्यरत अधिकृतहरुले एक आपसमा अनुभव तथा वैचारिक आदान प्रदान गरी स्वस्थ्य एंव स्वच्छ मनोरन्जनात्मक क्रियाकलापका साथै सामाजिक सेवा समेत गर्ने पवित्र उद्देश्यले काठमाण्डौमा मिति २०५७/१०/२० मा भेला भई एक गैर सरकारी मुनाफा रहित, धर्म, जातजाती, लिङ्ग, वर्ग, रङ्ग तथा राजनैतिक आस्था आदिको भेदभाव नगर्ने मानविय, विकास मूलक एंव स्वच्छ, संगठित, स्वतन्त्र, अविच्छिन्न अत्तराधिकारवाला एक स्वायस्त सामाजिक संस्थाको रुपमा रहने गरी "नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाईटी" स्थापना गरिएको छ ।

## <u>परिच्छेद-१: प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम, कार्यक्षेत्र र प्रारम्भ</u>:-

क) यस संस्थाको नाम "नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी" र अंग्रेजीमा "Nepal Insurance Professionals' Society" रहने छ । यसलाई छोटकरीमा “नीप्स” 'NIPS' भनिनेछ ।

ख) यो विधानको नाम 'नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी 'को विधान, २०५८ रहने छ ।

ग) यस संस्थाको केन्द्रिय कार्यालय काठमाण्डौ जिल्लामा रहने छ र प्रचलित कानुनको रित पूरा गरी आवश्यकतानुसार नेपाल अधिराज्य भर शाखाहरुको बिस्तार एवं गठन गर्न सकिने छ ।

घ) यो विधान प्रचलित कानून बमोजिम दर्ता भई "नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी" को प्रथम साधारण सभाबाट अनुमोदन भएपछि तुरुन्त लागु हुने छ ।

ङ) यो संस्था एक अबिछिन्न उत्तराधिकारवाला स्वायत गैर सरकारी संस्था हुने छ ।

२. छाप, झण्डा, चिन्ह र कार्यालय:-

क) "नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी" को आफ्नै छुट्टै छाप र प्रतिक चिन्ह रहने छ । छाप, प्रतिक चिन्ह तथा झण्डाको नमूना प्रथम साधारण सभाले ठहर गरे अनुसार हुने छ ।

३. परिभाषा:-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

क) "विधान" भन्नाले 'नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी' को विधान, २०५८ लाई सम्झनु पर्छ ।

ख) "समाज" वा "सोसाईटी" वा "संस्था" भन्नाले "नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी" वा "नीप्स" भन्ने सम्झनु पर्छ ।

ग) "नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी" भन्नाले समाजको विधान, २०५८ बमोजिम गठित कार्यकारिणी समिति लगायत विभिन्न उपसमिति, सम्पूर्ण सदस्यहरु र साधारण सभा समेतलाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले समाजको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) "पदाधिकारी" भन्नाले समाजको अध्यक्ष, उपाध्यक्ष, महा-सचिव, सचिव, कोषाध्यक्ष वा यस्तै कुनै जिम्मेवारीको पद ग्रहण गर्ने संयोजक, निर्देशक, मैनेजर आदी जस्ता व्यक्तिलाई समेत सम्झनु पर्छ ।

च) "संस्थापक सदस्य" भन्नाले समाज स्थापना गर्ने सम्पूर्ण सदस्यहरुलाई सम्झनु पर्छ ।

छ) "सदस्य" भन्नाले परिच्छेद ३ को दफा ५ बमोजिमका सदस्यहरुलाई सम्झनु पर्छ ।

ज) "का. का. स." भन्नाले समाजको कार्यकारिणी समितिलाई सम्झनु पर्छ ।

झ) "का. स." भन्नाले समाजको कार्यकारिणी समितिको पदाधिकारी र सदस्य समेतलाई सम्झनु पर्छ ।

ञ) "सा. स." भन्नाले संस्थाको मत दिने अधिकार भएका सम्पूर्ण साधारण सदस्यहरुलाई मात्र सम्झनु पर्छ ।

ट) “आ. स.” भन्नाले आवश्यकतानुसार गठन भएका समितिहरु र उप-समितिहरुका आमन्त्रित सदस्यहरुलाई समान पद र सो शब्दले त्यस प्रकारका अन्य आमन्त्रित सदस्यलाई समेत सम्झनु पर्छ ।

ठ) यस समाजका पदाधिकारी तथा सम्पूर्ण सदस्यहरु समेतलाई “निम” नामले सम्बोधन गरिने छ । जसको अर्थ “नीप्स मेम्बर” हुनेछ ।

## परिच्छेद-२: उद्देश्य

४. नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटीको मूलभूत उद्देश्यहरु निम्नानुसार हुनेछन्:-

सदस्यहरु बीच आपसी समझदारी अभिवृद्धि गर्दै :

१. विचार र अनुभवको आदान प्रदान गर्ने,
२. स्वच्छ मनोरन्जनात्मक क्रियाकलाप गर्ने,
३. जन साधारणमा बीमा सम्बन्धि जनचेतना अभिवृद्धी गर्ने,
४. सामाजिक सेवा र कार्य गर्ने ।

यी माथी उल्लेखित उद्देश्य परिपूर्तिका लागि अन्य सहायक उद्देश्य बनाई सो को कार्यक्रम तथा आवश्यक कार्यहरु गर्ने जस्तै :

१. बीमा सम्बन्धी जनचेतना जगाउने, प्रचार, प्रसार, रेडियो, टि. भी, पत्रपत्रिका ईण्टरनेट आदीबाट गर्ने ।
२. होर्डिङ्ग बोर्ड, निवोन साईन आदि राख्ने, राख्न लगाउने ।
३. विभिन्न बौद्धिक एवं मनोरंजनात्मक र शारिरीक बिकासको लागि प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
४. व्यवसायीहरु मध्येलाई नीजहरुको व्यक्तिगत देन, योगदान आदीको कदर स्वरुप पुरष्कृत गर्ने, मान्यता दिने आदी ।
५. गोष्ठी, सभा, सम्मेलन भेटघाट कार्यक्रम एवं मानविय श्रोत विकास स्वरुप अल्पकालीन एवं दीर्घकालिन प्रशिक्षण र तालिम दिने, दिलाउने ।
६. सदस्यहरुलाई बढी व्यावसायिक र पेशागत कार्यक्रममा लाग्न प्रोत्साहित गर्ने, उत्प्रेरणा जगाउने र व्यक्तित्व विकासको लागि मौका दिई सहयोग गर्ने ।
७. बीमा सम्बन्धि सूचना आदान प्रदान गर्ने, संकलन, संग्रह गरी अभिलेख राख्ने र आवश्यकतानुसार प्रकाशन गरी सोको विक्री वितरण समेत गर्ने, गराउने ।

८. बीमा सम्बन्धि नयाँ नयाँ योजना, स्कीम, पोलिसी (बीमा लेख) तयार गर्न मद्दत गर्ने र त्यस सम्बन्धि सोध, खोज एवं अनुसन्धान गर्ने, गराउने ।

९. समाजको मूलभूत उद्देश्य र अन्य सहायक उद्देश्य परिपुर्तिको लागि आवश्यक पर्ने अन्य सबै कार्यहरु गर्ने, गराउने ।

१०. समान उद्देश्य भएका बीमा सम्बन्धि स्थानिय, क्षेत्रिय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ, संस्था, निकायहरुसंग राम्रो सम्बन्ध बिस्तार गर्ने, एफिलिएसन लिने आदि ।

## परिच्छेद-३: सदस्यता

**५. सदस्यको प्रकार:-**

क) साधारण सदस्य, ख) आजीवन सदस्य, ग) संस्थापक सदस्य,
घ) संस्थागत सदस्य, ङ) मानार्थ सदस्य, च) संरक्षक सदस्य,
छ) सह-सदस्य ।

६. योग्यता:-

क) **साधारण सदस्य:** यस समाजको उद्देश्य प्रति आस्था राख्ने २१ वर्ष उमेर पुगेका कुनै पनि बीमा कम्पनी वा बीमा समितिमा अधिकृत वा सो भन्दा माथीको पदमा कार्य गरिरहेको, गरिसकेको वा सेवा निवृत्त भएका हुनु पर्नेछ । यस्तो सदस्यता प्राप्त गर्न इच्छुक व्यक्तिले तोकिएको फाराम भरी शुल्क तिरेमा सदस्यता प्राप्त गर्न सक्ने छ । उक्त आवेदन पत्र उपर छानबिन गरी सदस्यता प्रदान गर्ने अधिकार का. का. स. लाई मात्र हुनेछ ।

ख) **आजीवन सदस्य:** साधारण सदस्य बनी १ वर्ष सम्म सक्रिय रुपमा कार्य गरेका इच्छुक व्यक्तिले तोकिएको शुल्क बुझाई का. का. स. को स्विकृतिबाट मात्र आजीवन सदस्य प्राप्त गर्न सक्ने छन् ।

ग) **संस्थापक सदस्य:** यस नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटीको स्थापना गर्न सकिय भूमिका खेल्ने र देन दिएका व्यक्तिहरुलाई मात्र संस्थापक सदस्य मानिनेछ । जस्को नामावली अनुसूची -१ मा दिईएको छ ।

घ) **संस्थागत सदस्य:** जुनसुकै प्रकारका व्यापारिक, औद्योगिक वा सामाजिक संघ, संस्था वा अन्य निकायहरुले समाजको उद्देश्यमा आस्था राखी सदस्यताको लागि निवेदन दिइ का. का. स.को निर्णयानुसार तोकिएको शुल्क बुझाई संस्थागत सदस्यता लिन सक्ने छ ।

ङ) **मानार्थ सदस्य:** सामाजिक सेवा वा सामाजिक एवं बीमा व्यवसायको विकास कार्यमा उल्लेखनिय रुपमा संलग्न रहेका वा सहयोग गरेका विशिष्ट व्यक्तिलाई का.का.स.को सिफारिशमा यस समाजको साधारण सभाले मात्र मानार्थ सदस्य प्रदान गर्न सक्नेछ । यस्तोमा शुल्क लाग्ने छैन ।

च) **संरक्षक सदस्य:** सामाजिक विकासका कार्यक्रमहरुमा निरन्तर संलग्न रहि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उल्लेखनिय वा विशेष सहयोग उपलब्ध गराउने व्यक्ति वा संघ, संस्थाहरुलाई का.का.स. को सिफारिश र साधारण सभाको स्वीकृतिमा मात्र संरक्षक सदस्यता प्रदान गर्न सकिनेछ ।

छ) **सह-सदस्य:** बीमा सम्बन्धि कार्यमा लागेका सकृय एजेण्ट, सर्भेयर, लस एसेसर, ब्रोकर वा कुनै पनि संघ, संस्था वा औद्योगिक, व्यापारिक, व्यावसायिक प्रतिष्ठानमा अधिकृत स्तरमा न्यूनतम ३ "तीन" वर्षको बीमा सम्बन्धि अनुभव भएका व्यक्तिहरुलाई का. का. स. ले सह-सदस्य दिन सक्नेछ । साथै बीमा क्षेत्रमा विशिष्टता हासिल गरेका वा बीमा विषय लिई मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर को उपाधि प्राप्त गरेका व्यक्ति वा प्राध्यापकलाई का. का. स. को निर्णय बमोजिम सह-सदस्य प्रदान गर्न सकिनेछ ।

७. **सदस्यता शुल्क** :- समाजको सदस्यता शुल्क देहाय बमोजिम हुनेछः-

क) साधारण सदस्यः- प्रवेश शुल्क रु. १००/- (एक सय मात्र)
बार्षिक सदस्यता शुल्क रु. १,०००/- (एक हजार मात्र)

ख) आजीवन सदस्यः- रु. १०,०००/- (दश हजार एक पटक मात्र)

ग) संस्थागत सदस्यः-

१) अन्तर्राष्ट्रिय संघ, संस्थालाई रु. २५,०००/- वार्षिक
२) राष्ट्रिय संघ, संस्थालाई रु. १०,०००/- वार्षिक
३) स्थानिय संघ, संस्थालाई रु. १,०००/- वार्षिक

घ) सह-सदस्यः- साधारण सदस्यको शुल्क सरह हुनेछ ।

८. <u>सदस्यताको लागि अयोग्यता</u>:-

यस समाजको सदस्यताका लागि देहायका व्यक्तिहरु अयोग्य ठहरिने छन्:-

क) नैतिक पतन देखिने अपराधमा अदालतबाट सजाय पाएको
ख) मगज बिग्रको वा बहुलाएको
ग) सामाजिक संघ, संस्थाहरुको चल अचल सम्पत्ति हिनामिना गरेको
घ) २१ वर्ष उमेर नपुगेको व्यक्ति

ङ) कुनै व्यक्ति योग्य हो वा होइन भन्ने विबाद उठेमा त्यसको निर्णय का. का. स. ले गर्नेछ ।

## परिच्छेद-४: साधारण सभा

९. **साधारण सभा तथा कार्यकारिणी समिति:-**

साधारण सभाको गठन:- साधारण सभा यस 'नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटी 'को सर्बोच्च अङ्ग हुनेछ र यस सभामा देहायका सदस्यहरुको मात्र मताधिकार रहने छन्:-

क) सम्पूर्ण साधारण सदस्यहरु,

ख) कार्यकारिणी समितिका सदस्यहरु,

ग) आजीवन सदस्यहरु,

१०. **साधारण सभाको अधिबेशन:-**

क) साधारण सभाको अधिबेशन वर्षको १ एक पटक कार्यकारिणी समितिले तोकेको मिति, समय र स्थानमा हुनेछ । तर कार्यकारिणी समितिको आव्हानमा वा साधारण सभाको एक तिहाई सदस्यहरुले लिखित रुपमा आग्रह गरेमा जुन सुकै समय वा बेलामा बस्न सक्ने छ ।

ख) साधारण सभा शुरु हुनु भन्दा ३० (तीस) दिन अगावै कार्यकारिणी समितिले मिति, समय, स्थान, विषय बारे पूर्व जानकारी गराउनु पर्नेछ । विशेष साधारण सभाको हकमा यस्तो सभाको सूचना आम संचार वा पत्रबाट घटिमा १ एक हप्ता अगाबै खबर गर्नु पर्नेछ ।

ग) महाअधिवेसन:

१) प्रत्येक २ दुई वर्षमा समाजको राष्ट्रिय महा-अधिवेशन हुने छ । जसको कार्य वार्षिक साधारण सभा अनुसार सबै कार्य र कार्यकारिणी समितिको निर्वाचन गर्ने समेत हुनेछ ।

२) महा-अधिबेशनले संस्थाको दीर्घकालिन योजनाको अनुमोदन गर्नेछ ।

११. **साधारण सभाको काम, कर्तव्य र अधिकार:-**

क) आफ्ना सभासद्हरु मध्येबाट पदावधी बमोजिम ९(नौ) जना कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने वा छनौट गर्ने ।

ख) का. का. स. द्धारा प्रस्तुत वार्षिक प्रतिवेदन, आय-व्यय तथा लेखा परिक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।

ग) का. का. स. द्धारा सिफारिश गरिएको लेखा परिक्षक नियुक्ती गर्ने र नीजको पारिश्रमिक तोक्ने ।

घ) आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ङ) मानार्थ तथा संरक्षक सदस्यता प्रदान गर्ने ।

च) संस्था संचालनार्थ आवश्यक नियमावली, आचार संहिता जस्ता नीतिगत निर्णयहरु पारित गर्ने ।

छ) कार्य सूचीका विषय उपर छलफल गरी अन्य आवश्यक निर्णयहरु पारित गर्ने ।

१२. कार्यकारिणी समितिको गठन र पदावधि:-

क) समाजको उद्देश्य हासिल गर्न कार्यक्रम र सोको दैनिक कार्य संचालन गर्नाको लागि ९ (नौ) सदस्यीय एक कार्यकारिणी समितिको गठन साधारण सभाले गर्नेछ ।

ख) कार्यकारिणी समितिको ९ (नौ) जनाको निर्वाचन संस्थापक, साधारण तथा आजीवन सदस्यहरुबाट मात्र हुनेछ ।

ग) कार्यकारिर्णी समितिमा निम्न लिखित पदहरु रहने व्यवस्था गरिएकोछ:-

क) अध्यक्ष...................... १ जना
ख) उपाध्यक्ष ................ १ जना
ग) महा-सचिव .............. १ जना
घ) कोषाध्यक्ष ................ १ जना
ङ) सचिव .................... १ जना
च) कार्यकारी सदस्यहरु .. ४ जना

साधारण सभाद्धारा छानिएका ९ (नौ) जना पदाधिकारी-सदस्यहरु मध्येबाट का. का. स. ले ती पद र कार्य विभाजन गर्नेछ ।

घ) कार्यकारिणी समितिको पदावधि २ (दुई) वर्षको लागि मात्र हुनेछ ।

ङ) लगातार दुई पटक भन्दा बढि एउटै पदमा पुन: कार्य गर्न पाईने छैन ।

१३. कार्यकारिणी समितिको बैठक:-

क) अध्यक्षको निर्देशानुसार साधारणतया १ महिना भन्दा बढी अवधिको फरक नपर्ने गरि वर्ष भरीमा कम्तीमा १२ पटक का. का. स. को बैठक बस्ने छ ।

ख) का. का. स. को बैठक सम्बन्धी ७ (सात) दिन अगाबै सदस्यहरुलाई मिति, समय, स्थान बारे जानकारी गराउनु पर्नेछ ।

ग) का. का. स. को बैठकको गण पूरक संख्या ५१% प्रतिशत मानिनेछ ।

घ) का. का. स. को असाधारण बैठक कार्यकारिणी समितिको २/३ (दुई तिहाई) सदस्यहरुको लिखित अनुरोध भएमा बस्न सक्ने छ वा अध्यक्षले असाधारण अवस्थामा सो बैठक तुरुन्त बोलाउन सक्नेछ ।

१४. <u>कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकारः</u>-

क) साधारण सभाद्धारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने, गराउने ।

ख) चल अचल सम्पत्ती प्राप्त गर्न वा कुनै प्रकारबाट आफ्नो सम्पत्ति उपरको हक दावी हस्तान्तरण गर्ने ।

ग) कुनै व्यक्ति वा संघ संस्थासंग प्रचलित कानून बमोजिम संस्थाको उद्देश्य प्राप्तिका लागि सम्झौताहरु गर्ने ।

घ) साधारण सभामा वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने ।

ङ) विधानको व्याख्या गर्ने र आवश्यक नियमावलीहरु बनाई कार्यान्वयन गर्ने ।

च) समाजको उद्देश्य अनुरुप कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने जनशक्तिको सेवा (स्वदेशी वा विदेशी), पारिश्रमिक, करार वा अन्य कुनै रुपमा प्राप्त गर्ने र तिनीहरुको सेवा, शर्त, सुविधा एवं पारिश्रमिक तोक्ने, नियुक्ति गर्ने वा खारेज गर्ने ।

छ) आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट स्वीकृतिको लागि साधारण सभामा पेश गर्ने ।

ज) कार्य संचालन सुगम बनाउनको लागि आवश्यकतानुसार समिति र उप-समितिहरुको गठन गर्ने ।

झ) सदस्यता दिने र दफा ८ बमोजिम अन्तिम निर्णय दिने ।

ञ) स्थानिय ईकाईः प्रत्येक इन्स्योरेन्स कम्पनीको क्षेत्रिय कार्यालय, शाखा, उपशाखा, सम्पर्क कार्यालय वा अन्य यस्तै कुनै ईकाईमा न्यूनतम ३ "तीन" सदस्यीय संयोजन एवं समन्वय समिति आफुहरु मध्येको सदस्यहरुबाट छनौट गरि केन्द्रसंग सम्पर्क र समन्वय कायम गर्न गठन गर्न सकिनेछ । जसमा छनौट भएका वा निर्वाचित मध्ये एक जना संयोजक नियुक्त हुनेछ । जसको अनुमोदन का. का. स.ले गर्नेछ ।

ट) यस समाजसंग सम्बन्धित अन्य सबै कार्य गर्ने ।

## परिच्छेद-५: काम, कर्तव्य र अधिकार

१५. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:-**

१) **अध्यक्ष:-** अध्यक्षले कार्यकारिणी समिति, साधारण सभा र अन्य समारोहहरुको बैठकमा सभापतित्व गर्नेछ ।

क) समाजको काम कारवाहीको सम्बन्धमा नेतृत्व प्रदान गरी आवश्यक देखिएमा प्रतिनिधित्व गर्ने वा गराउने ।

ख) साधारण सभा र का. का. स. द्धारा गरिएका निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित व्यक्तिलाई जिम्मा दिने, कार्य बिभाजन गरि दिने ।

ग) समाजको सम्पूर्ण कार्यक्रमहरु र चल-अचल सम्पत्तिको साधारण तया रेखदेख, संरक्षण, योजना, मूल्याङ्कन र नियन्त्रण गर्ने ।

घ) पदाधिकारी, सदस्यहरु, एवं कर्मचारीहरुको कार्य बिभाजन गर्ने वा निर्देशन दिने ।

ङ) साधारण सभा वा कार्यकारिणी समितिमा आफ्नो मत दिने छैन तर मत बराबर भएमा निर्णयात्मक मत दिने छ ।

च) समाजको हित सम्बन्धि अन्य आवश्यक पदीय कार्य गर्ने ।

छ) कार्य समितिको बैठक नबसेको बखत आवश्यक निर्णय गर्ने तर उक्त निर्णयहरु का. का. स. को बैठक बस्दा अनुमोदन गराउने ।

२) **उपाध्यक्ष:-**

क) अध्यक्षको निर्देशन अनुसार लिखित रुपमा नीजद्धारा प्रत्यायोजित कार्यहरु गर्ने ।

ख) अध्यक्षको अनूपस्थितिमा नीजबाट गर्नु पर्ने सम्पूर्ण पदिय कार्य गर्ने र दायित्व निभाउने ।

ग) का. का. स. को निर्देशन कार्यान्वयन गर्न गराउन अध्यक्षलाई सहयोग गर्ने ।

३) **महा-सचिव:-**

क) अध्यक्षको निर्देशानुसार साधारण सभा र कार्य समितिको बैठक बोलाउने ।

ख) कार्यालयको दैनिक प्रशासकीय कार्यको रेखदेख नियन्त्रण गर्न निर्देशन दिने, पत्र व्यवहार गर्ने, अधिकृत तह भन्दा मुनिको कर्मचारी नियुक्ति, सरुवा, बढुवा, खारेजी गर्ने ।

ग) साधारण सभा र कार्य समितिको बैठकको कार्य सूची तयार गर्ने, सूचना निकाल्ने र बैठकको निर्णय पुस्तिका राख्ने ।

घ) साधारण सभामा वार्षिक प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम पेश गर्ने ।

ङ) संस्थाको हितको लागि अन्य आवश्यक पदिय कार्य गर्ने ।

**४) कोषाध्यक्षः-**

क) कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम संस्थाको हिसाब किताव दुरुस्त राख्ने ।

ख) आर्थिक विवरण कार्यकारिणी समितिमा समय-समयमा पेश गर्ने ।

ग) आर्थिक प्रशासन सम्बन्धि सबै विषयहरुको जिम्मेवारी लिने ।

घ) संस्थाको कोष नेपालको कुनै बैङ्कमा संस्थाको नाममा राखि का. का. स. को निर्णयानुसार खाता खोल्ने र संचालन गर्ने, गराउने ।

ङ) संस्थाको वार्षिक आर्थिक प्रतिवेदन र आगामी आर्थिक वर्षको आय व्ययको अनुमानित बजेट साधारण सभामा पेश गर्ने ।

**५) सचिवः-**

क) महा-सचिबको अनुपस्थितिमा नीजको कार्य गर्ने ।

ख) अध्यक्ष वा महा-सचिवद्धारा लिखित रुपमा प्रत्यायोजित कार्य गर्ने ।

ग) महा-सचिबको काममा सहायता र सहयोग गर्ने ।

**६) सदस्यः-**

क) का. का. स. मा प्रस्तुत विषयमा आफ्नो राय दिने र सक्रिय रुपले छलफलमा भाग लिने ।

ख) कुनै समस्या वा विषयमा निर्धक्कसंग आफ्नो बिचार, सुझाव प्रकट गर्ने ।

ग) निर्णय कार्यान्वयनमा सक्रियता लिने र सोको अनुगमनमा सहयोग गर्ने ।

घ) अन्य पदीय दायित्व पुरा गर्ने ।

**७) संस्थापक सदस्यः-**

संस्था निष्कृय रहेको खण्डमा संस्थापकहरुले यो बिधान बमोजिम पुनः सक्रिय गराउने छ । जसको लागि साधारण सभा बोलाई अनूमोदन गराउनु पर्नेछ ।

८) **कर्मचारीहरुको** काम, कर्तव्य र अधिकार कर्मचारी नियमावली बमोजिम हुनेछ ।

## <u>परिच्छेद-६: आर्थिक व्यवस्था</u>

१६. **आर्थिक स्रोतहरु:-**

यस समाजलाई जीवन्त राख्न देहाय बमोजिम आर्थिक श्रोतहरु हुने छन्:-

क) सदस्यता शुल्क, एवं नविकरण शुल्क,

ख) चल अचल सम्पत्तिबाट भएका आम्दानी,

ग) व्यक्ति वा निकायहरुबाट प्राप्त चन्दा, दान दातव्य र उपहारहरु,

घ) श्री ५ को सरकार वा अन्तराष्ट्रिय संघ, संस्था र स्थानिय निकायहरुबाट प्राप्त अनुदान र सहयोग ।

ङ) विविध आय मूलक कार्यक्रमहरु र कोष संकलन गर्ने क्रियाकलापहरुबाट उठेका आम्दानी, नाफा र रकमहरु ।

च) अन्य विविध आयहरु ।

१७. <u>चल अचल सम्पत्ति विवरण</u>:-

श्री ५ को सरकारको प्रचलित कानून र नियम बमोजिम आर्थिक विवरण तोकिएको ढाँचामा चल अचल सम्पत्तिको विवरण समेत दुरुस्त राख्नु पर्नेछ ।

१८. <u>कोष</u>:-

क) परिच्छेद - ६ को धारा १६ मा उल्लेख भए अनुसार आर्थिक संकलन भएका नगद रकम समाजको नामबाट कोष खडा गरी नेपालको कुनै बैंकहरु वा फाइनान्स वा सहकारी संस्थामा का. का. स. को निर्णयानुसार जम्मा गरिनेछ । साधारणतया सो को संचालन अध्यक्ष, कोषाध्यक्ष र महासचिव ३ जना मध्ये २ जनाको दस्तखतबाट हुनेछ । जसमा कोषाध्यक्षको अनिवार्य सही हुनेछ ।

१९. <u>आर्थिक विवरण र लेखा परिक्षण</u>:-

प्रत्येक आर्थिक श्रस्ता, हिसाब किताब, आर्थिक विवरण नेपाल कानून बमोजिम दुरुस्त राखि श्री ५ को सरकारको मान्यता प्राप्त लेखा परिक्षकबाट वार्षिक रुपमा लेखा परिक्षण गराउनु पर्नेछ । र सोको विवरण साधारण सभा र सम्बन्धित निकायमा पेश गर्नु पर्ने छ ।

आर्थिक कारोवार र हिसाबको लागि छुट्टै एक आर्थिक नियमावली बनाई का.का.स. द्धारा कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-७: बिबिध

२०. **निर्वाचन विधि:-**

क) सबै स्तरको निर्वाचन मतदानद्धारा हुने छ ।

ख) कार्यकारिणी समितिको निर्वाचनको निमित्त निर्वाचन अधिकृत कार्यकारिणी समितिद्धारा एक महिना अगावै नियुक्ति हुनेछ ।

ग) निर्वाचन सम्बन्धि विषयमा निर्बाचन अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ ।

२१. **निर्वाचनको लागि उम्मेदवार हुन अयोग्य:-**

देहायका व्यक्तिहरु निर्वाचन सम्बन्धि कार्यको निमित्त उम्मेदबार हुन अयोग्य हुने छन्:

क) कुनै सदस्यको सदस्यता प्राप्त गरेको अवधि १ वर्ष नपुग्दै का. का. स. को कुनै पदमा उम्मेदवार हुन सक्ने छैन । तर पहिलो निर्वाचनको लागि यो दफा लागु हुने छैन ।

ख) कुनै सदस्यले सदस्यता प्राप्त गरेको ९० दिन नपुगी का. का. स. को निर्वाचनमा मताधिकार पाउने छैन ।

ग) का. का. स. को पदाधिकारी एवं सदस्यले कुनै एक पदमा २ पदावधि गरि सकेको व्यक्तिले सोही पदहरुमा पून: उम्मेदवार हुन पाउने छैन । र एक पदावधि खाली भए पछि पून: उम्मेदवार हुन सक्ने छ ।

२२. **अविश्वासको प्रस्ताव:-**

क) कार्यकारिणी समिति वा अन्य उप-समितिको कुनै सदस्य माथि साधारण सभामा वा कार्यकारिणी समितिको असाधारण बैठकमा अबिश्वासको प्रस्ताव पेश गर्न सकिने छ । तर सोको सूचना १ हप्ता अगाबै प्रस्तुत हुनुपर्छ ।

ख) निर्वाचन भएको १ एक वर्ष पछि मात्र यस्तो अविश्वासको प्रस्ताव कारण सहित पेश गर्न सकिने छ ।

ग) अविश्वासको आरोप लागेको सदस्यलाई कम्तीमा एक हप्ताको लिखित अग्रिम सूचना दिई नीजलाई सो आरोपको सम्बन्धमा नीजको सफाई पेश गर्ने मौका दिइने छ ।

घ) उपस्थित सदस्य संख्याको दुई तिहाई मत प्राप्त नभएमा त्यस्तो प्रस्ताव पारित हुने छैन ।

ङ) अविश्वासको प्रस्ताव पारित भएमा सम्बन्धित कार्य समिति वा व्यक्ति स्वत: निस्कृय हुने छ ।

च) सम्बन्धित सभाको सम्पूर्ण सदस्य संख्याको ६०% सदस्यहरुको हस्ताक्षर नभएमा त्यस्ता प्रस्ताव प्रस्तुत गर्न सकिने छैन ।

छ) अध्यक्ष विरुद्ध पेश गरिएको प्रस्ताव माथि छलफल हुँदा बैठकमा उपस्थित उपाध्यक्ष वा सभाले छानेका व्यक्तिले अध्यक्षता गर्नेछ ।

ज) अविश्वासको प्रस्ताव छलफल गरिने सभा वा बैठकमा तीन चौथाई सदस्यको उपस्थिति अनिवार्य हुने छ ।

२३. <u>बिधान संशोधन</u>:-

क) यस बिधानमा लेखिएका दफाहरुलाई संशोधनको सिफारिश गर्ने अधिकार का. का. स. लाई मात्र हुनेछ । तर, प्रस्तावना र उद्देश्यमा साधारणतया संशोधन गरिने छैन ।

ख) विधान संशोधन सम्बन्धी प्रस्ताब कुनै सदस्यले पेश गर्नु परेमा वार्षिक सभाको बैठक बस्नु भन्दा दुई महिना अगाबै केन्द्रिय कार्यालयमा लिखित रुपमा पुग्नु पर्नेछ । यसरी प्रस्तुत हुन आएको प्रस्तावको सम्बन्धमा कार्यकारिणी समितिले आफ्नो राय समेत दिई विधान संशोधनका प्रस्ताव वार्षिक साधारण सभा बस्नु भन्दा कम्तीमा ३५ (पैतीस) दिन अगाबै सदस्यहरुलाई लिखित रुपमा पठाउनु पर्ने छ ।

ग) संस्थाको बिधान आवश्यकता अनुसार संशोधन गर्न वार्षिक साधारण सभाको उपस्थित सदस्य मध्ये तीन चौथाई बहुमतबाट मात्र गर्न सकिनेछ ।

२४. <u>नियमावली बनाउने अधिकार</u>:-

यस बिधानको उद्देश्य परिपूर्ति एवं कार्यान्वित गर्न कार्यकारिणी समितिले नियम बनाउन सक्नेछ । यस्तो नियम वार्षिक साधारण सभाद्धारा अनुमोदन गराई सके पछि मात्र कार्यान्वयन हुने छ ।

२५. <u>उपस्थिति र निर्णय</u>:-

क) वार्षिक साधारण सभाको बैठकको लागि ५१ प्रतिशत सदस्यहरुको उपस्थिती अनिवार्य हुने छ । तर गणपूरक संख्या नपुग भएको दोश्रो पटक एक तिहाई सदस्यहरुको उपस्थितिलाई नै गणपूरक संख्या मानिन्छ । तर यस अघि साधारण सभाबाट सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

ख) यस विधानमा विशेष मतबाट निर्णय गर्नु पर्ने व्यवस्था भएकोमा वाहेक अन्य कुरामा बैठकमा उपस्थित भई मतदान गर्ने साधारण सदस्यहरुको बहुमतबाट निर्णय हुने छ ।

२६. **सदस्यताबाट हट्ने व्यवस्थाः-**

क) कुनै पनि पदाधिकारी वा सदस्य देहायका अवस्थामा आफ्नो पद वा सदस्यताबाट हट्ने छ ।

१. अध्यक्षले कार्यकारिणी समितिका समक्ष र कार्यकारिणी समितिको अन्य सदस्यहरुले अध्यक्षको समक्ष राजीनामा दिएमा ।

२. मृत्यु भएमा ।

३. समाजले निर्धारण गरेको समयावधि भित्र सदस्यता शुल्क नबुझाएमा वा नविकरण नगरेमा ।

४. समाजको विरुद्ध प्रत्यक्ष रुपमा सरीक भएमा ।

५. समाजको अहित हुने कुनै काम गरेमा ।

६. बहुलाएमा वा मानसिक स्थिति ठिक नभएमा ।

ख) कुनै पदाधिकारी वा सदस्य उपधारा (क) को खण्ड (४) (५) बमोजिम अयोग्य हो वा होईन भन्ने कुराको अन्तिम निर्णय कार्यकारिणी समितिले गर्नेछ ।

२७. **संस्थाको एकिकरण र बिघटनः-**

क) वार्षिक साधारण सभामा सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरु उपस्थित भएको सभामा तीन चौथाई सदस्यहरुको मतले संस्था आवश्यक नरहेको ठहराएमा विघटन वा कुनै संस्थासंग एकिकरण हुन सक्ने छ ।

ख) यसरी संस्था अन्य संस्थासंग एकिकरण भएमा सोही संस्थामा गाभिनेछ । अन्यथा, विघटन भएमा यसको चल तथा अचल सम्पत्ति श्री ५ को सरकारको हुनेछ ।

२८. **प्रचलित ऐन नियमसंग बाझेमाः-**

यस संस्थाको सम्पूर्ण गतिविधि नियम तथा निर्णयहरु नेपाल अधिराज्यको प्रचलित ऐन कानून अनुसार निर्देशित रहने छ । ती नियम जुन हदसम्म बाझिन्छ त्यो स्वतः निष्कृय हुने छ ।

२९. **कर्मचारी व्यवस्था, पारिश्रमिक र भत्ताः-**

पुरा समय काम गर्ने र पेशागत सेवा दिने सदस्य तथा स्वयम सेवकहरुलाई आवश्यकतानुसार का. का. स. द्वारा पारिश्रमिक भत्ताको व्यवस्था गरिने छ । आवश्यकतानुसार कर्मचारीको पनि व्यवस्था हुने छ । सोको लागि छुट्टै एक कर्मचारी सेवा शर्त नियमावली बनाई लागु गरिनेछ ।

३०. <u>निर्णय पुस्तिका</u>:-

प्रत्येक का. का. स., साधारण सभा र अन्य गठित उप समितिहरुको बैठक सम्बन्धि निर्णय पुस्तिका, उपस्थिति, छलफलका विषय र निर्णय सहित बेग्ला बेग्लै रजिष्टर खातामा अध्यक्ष र महा-सचिबद्धारा प्रमाणित गराई राख्नु पर्नेछ ।

## <u>नीप्स विधान अनुसूची - १</u>

### १:१ संस्थापक सदस्यहरु र तदर्थ समितिको नामावली

| | |
|---|---|
| १ | ३१ |
| २ | ३२ |
| ३ | ३३ |
| ४ | ३४ |
| ५ | ३५ |
| ६ | ३६ |
| ७ | ३७ |
| ८ | ३८ |
| ९ | ३९ |
| १० | ४० |
| ११ | ४१ |
| १२ | ४२ |
| १३ | ४३ |
| १४ | ४४ |
| १५ | ४५ |
| १६ | ४६ |
| १७ | ४७ |
| १८ | ४८ |
| १९ | ४९ |
| २० | ५० |
| २१ | ५१ |
| २२ | ५२ |
| २३ | ५३ |
| २४ | ५४ |
| २५ | ५५ |
| २६ | ५६ |
| २७ | ५७ |
| २८ | ५८ |
| २९ | ५९ |
| ३० | ६० |

| | |
|---|---|
| ६१ | ७५ |
| ६२ | ७६ |
| ६३ | ७७ |
| ६४ | ७८ |
| ६५ | ७९ |
| ६६ | ८० |
| ६७ | ८१ |
| ६८ | ८२ |
| ६९ | ८३ |
| ७० | ८४ |
| ७१ | ८५ |
| ७२ | ८६ |
| ७३ | ८७ |
| ७४ | |

## १:२ तदर्थ समिति

| क.सं | पद | नाम | पद, बीमा कम्पनी |
|---|---|---|---|
| १ | संयोजक | श्री वीरेन्द्र मान श्रेष्ठ | कार्यकारी उप-प्रमुख,<br>प्रिमियर इन्स्योरेन्स कं. लि. |
| २ | सदस्य | श्री दीप प्रकाश पाण्डे | महा-प्रबन्धक,<br>एभरेष्ट इन्स्योरेन्स कं. लि. |
| ३ | सदस्य | श्री रघु पन्त | नायब महा-प्रबन्धक<br>हिमालयन इन्स्योरेन्स कं. लि. |
| ४ | सदस्य | डा. सुनील गुप्ता/<br>श्री निरञ्जन भट्टराई | नेशनल इन्स्योरेन्स कं. लि. |
| ५ | सदस्य | श्री शुशील अधिकारी | ओरिएण्टल इन्स्योरेन्स कं. लि. |
| ६ | सदस्य | श्री रमेश राज भट्टराई | सचिव, बीमा समिति |
| ७ | सदस्य | श्री खेम प्रसाद बराल | मुख्य व्यवस्थापक, बीमा समिति |
| --- | ----- | श्रीमती अञ्जु जोशी | एभरेष्ट इन्स्योरेन्स कं. लि. |

## नीप्स विधान अनुसूची - २

फोटो

## सदस्यता आवेदन पत्र

व्यक्तिगत विवरण:-

(१) नाम, थर:-

(२) ठेगाना: स्थाई:-
अस्थाई:-
पत्राचार गर्ने:-

सम्पर्क फोन: निवास:- कार्यालय:-
अन्य:-
टेलेक्स/ फ्याक्स:- ईमेल (E-mail):

(३) पिता/ संरक्षकको नाम:- (४) विवाहित/अविवाहित:-

(५) जन्म मिति:- (६) उमेर:-

(७) जन्म स्थान:-

(८) शैक्षिक योग्यता:-

(९) पेशा:-

(१०) हाल कार्यरत पेशागत कार्यालय:-
नाम:-
पद:-
ठेगाना:-

(११) स्वयम सेवी संस्थाको नाम (यदी भए):-
ठेगाना:-
विगतका अनुभव:-

(१२) विगत वर्षमा सामाजिक विकास कार्यमा संलग्नता:-

(१३) स्वदेश तथा विदेशमा सभा, सेमिनार, गोष्ठी र तालिममा संलग्नता:-

(१४) आफ्नो रुचीका विषय/क्षेत्रहरु:-

(१५) कुन प्रकारको सदस्यताको लागि आवेदन दिनु भएको हो ?

| | | |
|---|---|---|
| साधारण | संस्थागत | आजीवन |

म श्री/श्रीमती/सुश्री ...................... नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाईटीको ........................ सदस्यको लागि आफ्नो व्यक्तिगत विवरण सहित रितपूर्वक आवेदन गर्दछु । सम्पूर्ण विवरणहरु साँचो छन् र भुठा ठहरिएमा यसैद्धारा बदर गरी दिनु हुनेछ । यस संस्थाको हालको र पछि बन्ने नियमहरु पालना गर्न मेरो मन्जुरी छ ।

आवश्यक फोटो २ प्रति पेश गरेको छु ।

मिति:-

निवेदक,

-------------------------

## नीप्स विधान अनुसूची - ३

संस्था स्थापना सम्बन्धि निर्णयको प्रतिलिपी

## नीप्स विधान अनुसूची - ४

बील, रसिद तथा अन्य फारामका नमूनाहरु